# धार्चे गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
### माछीखोला, गोरखा
### गण्डकी प्रदेश, नेपाल
### २०७३

## नदिजन्य पदार्थको बिक्रीका लागि हार्डकपी बोलपत्र आह्वान सम्बन्धी सूचना

**(प्रथम पटक प्रकाशित मितिः २०८३ भाद्र २४ गते)**

सार्वजनिक खरिद अनुगमन कार्यालय (PPMO) को प.सं.-०८३/८४ च.नं. MIT/१८२, मिति २०८३/०५/११ गतेको सूचना अनुसार हाल सञ्चालनम रहेको E-GP System मा आएको समस्याको कारण अर्को सूचना जारी नभएसम्म प्रणालीको प्रयोग स्थगन गरी हार्डकपी (HARD COPY) मार्फत खरिद प्रक्रिया अगाडि बढाउने गरी निम्न शर्तको अधीनमा रहि प्रत्येक प्याकेजका लागि छुट्टाछुट्टै बोलपत्र आह्वान गरिएको छ।

स्थानिय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ घ(६) र दफा ६२ क(१) मा भएको व्यवस्था र धार्चे गाउँपालिकाले तोकिदिएको नदिहरुको स्वीकृत घाटहरुवाट निर्धारित मापदण्ड बमोजिम नदिजन्य पदार्थ उत्खनन् गरि गण्डकी प्रदेश सरकारले तोकेको दरमा विक्रि गर्नेगरि ठेक्का बन्दोवस्थ गर्नुपर्ने भएकाले यो सुचना प्रकाशित गरिएको छ।

## <u>ठेक्का विवरणः</u>

| ठेक्का नं./ क्र.स. | स्थान | नदिजन्य पदार्थको परिमाण (घन.मि.) | न्युनतम बिक्रि मुल्य (रु.) (भ्याट बाहेक) | धरौटी रकम | वोलपत्र दस्तुर | वोलपत्र फारम पेश गर्ने अन्तिम मिति र समय | वोलपत्र खोल्ने मिति र समय |
|---|---|---|---|---|---|---|---|
| | **DRM/GOODS/Package 1/083/084** | | | | | | |
| १. | रेसे खोला-रेसे फाँट (खण्ड-१)<br>अक्षांशः 28°12’44.71” N<br>देशान्तरः 84°49’38.17” E | ८,६८४.५९२ | २४,५३,९०६.९९ | कबोल अंकको पाँच प्रतिशत (५%) | रु. ३,००० | २०८३/०६/१४ गते १२:०० बजे भित्र | २०८३/०६/१४ गते २:०० बजे |
| २. | रेसे खोला-रेसे फाँट (खण्ड-२)<br>अक्षांशः 28°12’44.79” N<br>देशान्तरः 84°49’38.49” E | ३,६९२.१६४ | १०,४३,२५३.०५ | | | | |
| | **जम्मा** | १२,३७६.७५६ | ३४,९७,१६०.०४ | | | | |
| | **DRM/GOODS/Package 2/083/084** | | | | | | |
| १. | रेसे खोला-रेसे फाँट (खण्ड-३)<br>अक्षांशः 28°13’56.62” N<br>देशान्तरः 84°52’6.47” E | २,०५१.६७९ | ५,७९,७१९.७४ | कबोल अंकको पाँच प्रतिशत (५%) | रु. ३,००० | २०८३/०६/१४ गते १२:०० बजे भित्र | २०८३/०६/१४ गते २:०० बजे |
| २. | न्याउली बगर | ५,३९५.५७२ | १५,२४,५६५.७९ | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | अक्षांश: 28°12’3.97” N<br>देशान्तर: 84°52’29.79” E | | | | | | |
| ३. | खानी बेसी पुल मुनि वारि<br>अक्षांश: 28°12’24.31” N<br>देशान्तर: 84°52’27.34” E | २,३९७.८४ | ६,७७,५३०.५४ | | | | |
| ४. | खानी बेसी पुल मुनि पारि<br>अक्षांश: 28°13’56.55” N<br>देशान्तर: 84°52’6.24” E | १,५५७.६९ | ४,४०,१३८.८६ | | | | |
| ५. | मंचे बगर<br>अक्षांश: 28°12’43.84” N<br>देशान्तर: 84°52’32.59” E | ८७३.२०२ | २,४६,७३०.८२ | | | | |
| | **जम्मा** | **१२,२७५.९८३** | **३४,६८,६८५.७५** | | | | |
| **DRM/GOODS/Package 3/083/084** | | | | | | | |
| १. | यारु बगर खण्ड क - खोला वारि<br>अक्षांश: 28°19’35.36” N<br>देशान्तर: 84°54’25.02” E | १०,६५५.८८७ | ३०,१०,९१३.५४ | कबोल अंकको पाँच प्रतिशत (५%) | रु. ३,००० | २०८३/०६/१४ गते १२:०० बजे भित्र | २०८३/०६/१४ गते २:०० बजे |
| २. | यारु बगर खण्ड ख - खोला पारि<br>अक्षांश: 28°19’43.01” N<br>देशान्तर: 84°54’24.93” E | ८,१९९.१३६ | २३,१६,७३७.१८ | | | | |
| | **जम्मा** | **१८,८५५.०२३** | **५३,२७,६५०.७२** | | | | |

**<u>बोलपत्र सम्बन्धी शर्तहरुः</u>**

१. वोलपत्र फाराम सूचना भएको मितिले २० औं दिन सम्म वोलपत्र फारामहरु भरी २१ औं दिनको १२ बजे सम्म आवश्यक सबै कागजातहरु (फर्म वा कम्पनीहरुले व्यवसाय दर्ता प्रमाण पत्र र स्थायी लेखा नं./मु.अ.करको प्रमाण पत्र तथा आर्थिक वर्ष २०८३/०८४ को कर चुक्ताको प्रमाणित प्रतिलिपी, यस कार्यालयमा नगदै तिरेको वा हिमालयन बौंक, धार्चे शाखामा रहेको यस कार्यालयको आन्तिरीक राजस्व खाता **धार्चे ग-१-१-खाता नं २७४४९३६५३२००६२** मा नगद जम्मा गरेको नगद भौचर र बोलपत्रदाताले कबोल अंकको कम्तिमा ५ प्रतिशतले हुन आउने धरौटी रकम यस कार्यालयको हिमालयन बौंक, धार्चे शाखामा रहेको धरौटी खाता **धार्चे गाउँपालिका ग-३-२७४४९३६५३२०१०८** जम्मा गरेको सक्कल बैंक भौचर वा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त क बर्गको बैकले यस कार्यालयको नाममा जारी गरेको सोही रकम बराबरको कम्तीमा १२० दिन म्याद भएको बैंक जमानी पत्र (बिड वण्ड) बुझाई बोलपत्र सम्बन्धी कागजात कार्यालय समयभित्र यस कार्यालयबाट (मात्र) खरिद गर्न सकिनेछ।

२. नियमानुसार दर्ता हुन आएका वोलपत्रहरु २१ औं दिनको २ बजे यस कार्यालयमा खोलिनेछ ।

३. वोलपत्र खरिद गर्ने, दर्ता गर्ने तथा खोल्ने दिन विदा परेमा सो पछि लगत्तै कार्यालय खुलेको दिन सोही समयमा उल्लेखित कार्यहरु हनेछन् ।

४. वोलपत्र स्वीकृत भएपछि सुचना पाएको मितिले ७ दिन भित्र नियमानुसार आयकर/मु.अ. कर दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि साथै लिई सम्झौता गर्न यस कार्यालयमा आउनु पर्नेछ। सो अवधि भित्र सम्झौता गरि पट्टा नउठाएमा धरौटी रकम जफत गरिनेछ र दोस्रो वोलपत्र स्वीकृत गर्ने वा नगर्ने वा पुनः वोलपत्र आह्वान गर्ने वा नगर्ने अधिकार नियमानुसार यस कार्यालयमा सुरक्षित रहनेछ।

५. स्वीकृत ठेक्का अंकलाई २ (दुई) किस्तामा विभाजन गरिनेछ। पहिलो किस्ता ५०% सम्झौताको बखत दाखिला गरी बाँकी ५०% को हकमा जमानत वापत नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त क वर्गको बैंकबाट २०८४ असार मसान्त सम्म मान्य हुने बैंक ग्यारेन्टी (परफमेन्स वण्ड) सम्झौता भएको मितिले ७ दिन भित्र पेश गर्नुपर्नेछ। बाँकी ५०% रकम २०८४ साल जेठ मसान्त भित्र नियमानुसार बुझाई सक्नु पर्नेछ। ठेक्का सम्झौता गर्दा धरौटी पेश गरेको रकमलाई किस्ता भुक्तानी गर्दा समावेश गर्न पाईने छैन।

६. ठेक्का सम्झौता गर्दा कबोल अंकको मु.अ.कर (VAT) १३% र अग्रीम आयकर बापतको १.५% रकम थप गरी कुल सम्झौता रकम कायम गरिनेछ।

७. शुल्क उठाउने रसिद ठेक्काको शिर्षक उल्लेख गरि ३/३ प्रति भएको रसिद ठेकेदारले आफ्नै तर्फबाट छपाई कार्यालयको छाप लगाई कार्यालयमा रसिद नं. दाखिला गरेर मात्र कर दस्तुर उठाउने प्रयोगमा ल्याउनु पर्नेछ।

८. कुनै शर्त राखी पेश गरेको, हुलाक मार्फत पठाएकोरित नपुगेको बोलपत्र/दरभाउपत्र माथि कुनै कारवाही गरिने छैन।

९. ढुंगा, गिट्टी, बालुवा उत्खनन्, संकलन तथा विक्री सम्बन्धमा केन्द्रिय अनुगमन समिति, प्रदेश स्तरीय अनुगमन समिति, जिल्ला अनुगमन तथा समन्वय समिति एवम् गाउँपालिका स्तरीय अनुगमन समितिबाट निर्देशन भए बमोजिम हुनेछ।

१०. धार्चे गाउँपालिकाको व्यक्तिगत तथा निषेधित क्षेत्रबाहेकका नदी दायाँबायाँ किनारको ढुंगा, गिट्टी, बालुवा जस्ता नदीजन्य पदार्थ उपयोग तथा विक्री कर तोकिएको डिपोबाट अशुल हुनुपर्ने छ। तर नदीनालाको पुल तल माथि दुवैतर्फ १००० मिटरसम्म नदिजन्य पदार्थ उत्खनन् तथा संकलन गर्न पाइने छैन।

११. प्राकृतिक साधन उपयोग तथा विक्री कर अशुल गर्दा यस कार्यालयले तोकेको दररेटमा मात्र अशुली गर्नुपर्नेछ।

१२. ढुंगा, गिट्टी, बालुवाको उत्खनन् तथा ढुवानी कार्य सुर्यास्त देखी सूर्योदय नहुँदासम्म गर्न पाईने छैन।

१३. प्राकृतिक श्रोत साधन ओसारपसार गर्दा निश्चित तोकिएको एउटामात्रै बाटो प्रयोग गर्नु पर्नेछ तथा निकासीका लागि प्रयोग गरिएको बाटो गाउँपालिका कार्यालयको निर्देशनमा वोलपत्रदाताले मर्मत सुधार गर्नुपर्नेछ।

१४. ढुवानी साधनले बहन गर्न पाउने तौल भन्दा बढी तौल राखी वा न्यून बिल काटी ढुवानीका साधन सडकमा गुडाउन, र ढुंगा, गिट्टी, बालुवा पानी चुहाएर वा नछोपी खुल्ला रुपले ढुवानी गर्न पाइने छैन।

१५. उत्खनन् गरिएको नदिजन्य पदार्थ नदी किनारा वा सार्वजनिक चौरमा घाटगद्दी गर्न पाइने छैन, त्यसका लागि वोलपत्रदाताले आफ्नो अलग्गै जग्गाको व्यवस्था गर्नु पर्नेछ।

१६. कुनै पनि बन्द, हड्ताल, प्राकृतिक प्रकोप आदि कारण देखाइ छुट वा मिनाहाको दावी गर्न पाइने छैन। नदीजन्य पदार्थ उत्खनन्, संकलन तथा ढुवानी गर्दा कुनै विवाद उत्पन्न भएमा वोलपत्रदाता स्वयंले व्यवस्थापन गर्नुपर्नेछ।

१७. माथि उल्लेखित शर्तहरु उल्लङ्घन गरेमा वा तोकिएको म्याद भित्र नबुझाएमा कार्यालयको तर्फबाट ठेक्का तोडी बाँकी रहेको किस्ता बैंक ग्यारेन्टीबाट अशुल उपर गर्ने गरी कानूनी प्रकृया अपनाइने छ। साथै अशुल गर्न बाँकी रकममा १० प्रतिशत थप क्षतिपूर्ति समेत जोडी सरकारी बाँकी सरह अशुल उपर गरिनेछ।

१८. सम्मानित अदालत, नेपाल सरकार, प्रदेश सरकार र गाउँपालिकाको नीति, निर्देशन तथा आदेशको पालना गर्नु गराउनु र लागु गर्नु ठेकेदारको कर्तब्य एवं दायित्व हुनेछ। नीति निर्देशन वा अदालतको आदेशको पालनाको कारणबाट कुनै क्षति, हानि नोक्सानी हुन गएमा सोको क्षतिपूर्तिको दायित्व ठेकेदारले गाउँपालिकासँग दाबि गर्न पाउने छैन।

१९. यस सूचनामा उल्लेख भएको विषय यसै सूचना बमोजिम र यस सूचनामा उल्लेख नभएको हकमा प्रचलित ऐन, नियम, कार्यविधि बमोजिम हुनेछ।

**प्रमुख प्रशासकीय अधिकृत**